रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा

०७५६२००५५,०७५६९२३०७
Email:info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

पदपूर्ति सम्वन्धी सूचना।

प्रकाशन मिति :- २०७६/०९ /२४

रोजगार संयोजकको पदपूर्ति र सेवा सम्वन्धी मापदण्ड ,२०७६ अनुसार यस गाउँपालिकामा रिक्त रहेको रोजगार संयोजकको करार सेवामा पदपूर्तिका लागि यो सुचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्न आव्हान गरिन्छ।

क्र.स.	बिज्ञापन न.	पद	तह	माग संख्या
१	११-०७६/७७	रोजगार संयोजक	छैठौं तह	१

१ .न्युनतम योग्यता :

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

(ख) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

२.छनौट प्रकृया:-

(क)प्रारम्भिक योग्यता क्रमको सूची (SHORT-LIST), (ख) छनौंट परीक्षा:-सेवा सम्वन्धी विषय र कम्प्यूटर सम्वन्धी विषय।

३. आवेदन दिनुपर्ने अन्तिम मिति : २०७६ साल माघ ९ गते (कार्यालय समय भित्र)

४. आबेदन बुझाउने स्थान : रिब्दीकोट गाउपालिकाको कार्यालय , खस्यौली , पाल्पा ।

५. परीक्षा दस्तुर : रु. १०००/-

६. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि , शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, आफुले प्राप्त गरेको तालीमको प्रमाणपत्रको प्रतिलिपि(उपलब्ध भएमा), अनुभवको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य आवश्यक कागजात(उपलब्ध भएमा)।

७. उमेरको हद: दरखास्त दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भै ४५ बर्ष ननाघेको।

८. बिदेशी बोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ।

९ . तलव ,सेवा सुविधा :कार्यक्रमको नियम अनुसार हुनेछ।

१०. दरखास्त फाराम,पाठ्यक्रम तथा सूचना गाउँपालिकाको website : www.ribdikotmun.gov.np मा समेत हेर्न र डाउन लोड गर्न सकिनेछ।

नोट:-प्रारम्भिक योग्यता क्रमको सूची (SHORT-LIST) मा परेका उम्मेदवारहरू मध्येबाट छनौंट परीक्षा लिइने छ। प्रारम्भिक योग्यता क्रमको सूची (SHORT-LIST) मा परेकाको नामावली र छनौंट परीक्षाको मिति, समय र स्थानको सूचना कार्यालयको website: www.ribdikotmun.gov.np मा प्रकाशन गरिने छ साथै विस्तृत जानकारीका लागि रिब्दीकोट गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

रिब्दीकोट गाउँपालिका
पदपूर्ति समिति,पाल्पा

गुणस्तरीय आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकासको माध्यमद्धारा समृद्ध रिब्दीकोट।